# सन्धिखर्क नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सन्धिखर्क, अर्घाखाँची          लुम्बिनी प्रदेश, नेपाल

### डि.ए.पी. मल लिलाम बिक्रीको लागि दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१/०६/०८

जिल्ला प्रशासन कार्यालय अर्घाखाँचीको नेतृत्वमा सरोकारवाला कार्यालय तथा निजी क्षेत्र समेतको सहभागितामा मिति २०८१/०३/१८ गते गरेको अनुगमनको क्रममा अवैध रूपमा बिक्री वितरण गर्न विभिन्न पसलले राखेको १७२५। के.जी डि.ए.पी मल जफत गरी यस कार्यालयमा प्राप्त भएको मल लिलाम बिक्री गर्नुपर्ने भएकोले जे जस्तो अवस्थामा छ सोही अवस्थामा दरभाउपत्रको माध्यमद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले ईच्छुक कृषि तथा बहुउद्देशीय सहकारी संस्था लिमिटेडबाट देहायका सर्तहरूको अधिनमा रही दरभाउपत्र पेस गर्नुहुन यो सूचना प्रकासित गरिएको छ।

१. इच्छुक दरभाउपत्रदाताहरुले सन्धिखर्क नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको कृषि विकास शाखाबाट मिति २०८१/०६/१४ गते कार्यालय समय भित्र फिर्ता नहुने गरी रु १००० (एक हजार रुपैयाँ मात्र) राजस्व शाखामा नगद जम्मा गरेको सक्कलै भौचर संलग्न राखी दरभाउपत्र दाताको कृषि तथा बहुउद्देशीय सहकारी संस्था लिमिटेडको दर्ता तथा नवीकरण प्रमाणपत्र, आर्थिक वर्ष २०८१/८२ सम्म मान्य रहेको कर चुक्ता प्रमाणपत्र समेतका कागजातहरू संलग्न राखी निवेदन पेस गर्नुपर्नेछ।

२. दरभाउपत्र प्रथम पटक प्रकाशित भएको मिति २०८१/०६/१५ गते दिनको १२ बजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नुपर्नेछ। र सोही दिन दिनको १ बजे उपस्थित भएका दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ। तर दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

३. दरभाउपत्रदाताले दरभाउपत्रसाथ जमानत वापत आफूले कबुल गरेको दररेट अनुसारले हुन आउने कूल रकमको ५ प्रतिशत रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक सन्धिखर्कमा रहेको धरौटी खातानं.३०५०१००३०३००००२ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा ७५ दिन म्याद भएको बैंक जमानत (विड बण्ड) पेस गर्नुपर्नेछ ।

४. दरभाउपत्र पेस गर्ने र दाखिला गर्ने दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।

५. लिलाम बिक्री हुने मलको न्यूनतम कायम मूल्य ८६२५०। (अक्षरुपी छयासी हजार दुइसय पचास) मात्र रहेको छ ।

६. दरभाउपत्र सम्बन्धी विस्तृत विवरण दरभाउपत्र सम्बन्धी फाराममा उल्लेख गरिएकोछ । थप जानकारीका लागि यस कार्यालयको कृषि विकाश शाखामा तथा ९८४७०७५४०५ मा सम्पर्क राख्न सकिनेछ।

७. म्याद नाघी, रीत नपुगी वा सर्त सहित पेस हुन आएका दरभाउपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन। दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। अन्य उल्लेख नभएको विषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत